कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
उच्च मूल्य कृषिवस्तु उत्थानशील कार्यक्रम (R-HVAP)
करिडोर कार्यालय, जुम्ला, नेपाल

IFAD
Investing in rural people

फोन नं.-०८७-५९००५७
ईमेल: rhvapcojumla@gmail.com

# सह-लगानीमा उच्च मूल्य कृषिवस्तु उत्पादन प्रवर्द्धन कार्यक्रममा आशय निवेदन पेश गर्ने सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशन मितिः २०८३/०५/०९ गते**

नेपाल सरकार र कृषि विकासको लागि अन्तर्राष्ट्रिय कोष (IFAD) को सम्झौता बमोजिम संचालित यस उच्च मूल्य कृषिवस्तु उत्थानशील कार्यक्रम (R-HVAP), करिडोर कार्यालय जुम्ला (CO) को R-HVAP कार्यक्रम लागु भएका तपसिलको स्थानीय तहमा आ.व. २०८३/०८४ को स्वीकृत **बजारमुखी पर्यावरणीय उच्च मूल्य कृषिवस्तु (Agro-ecological High Value Commodity) उत्पादन र साना कृषि सिँचाई पूर्वाधार (Small scale irrigation)** कार्यक्रममा सह-लगानी गर्न चाहने कृषिसंग सम्बन्धित इच्छुक कृषक समूह/सहकारी/समितिलाई यस करिडोर कार्यालय (CO), जुम्ला वा कार्यालयको वेबसाइट https://rhvapjumla.karnali.gov.np/ को **अनुदान व्यवस्थापन सफ्टवेयर (SMS)** अनलाइन मार्फत अनुसूचि-१.१ अनुसारको निवेदन पेश गर्न हुन अनुरोध छ।

तपसिल

| जिल्ला | क.सं | स्थानीय तह | वडा नं. | सह-लगानीमा प्रवर्द्धन हुने उच्च मूल्य कृषिवस्तुहरु | कैफियत |
|---|---|---|---|---|---|
| जुम्ला | १ | चन्दननाथ नगरपालिका | ८ | स्याउ,ओखर,सिमी र मौरी | |
| | | | ९ | स्याउ,ओखर,सिमी र मौरी | |
| | | | १० | स्याउ,ओखर,सिमी र मौरी | |
| | २ | पातारासी गाँउपालिका | १ | ओखर, भेडा , बाखा | |
| | | | २ | सिमि , आलु | |
| | | | ५ | स्याउ , मौरी | |
| | ३ | तीला गाँउपालिका | ४ | स्याउ | |
| | | | ५ | ओखर | |
| | | | ९ | भेडा बाखा | |
| | ४ | हिमा गाँउपालिका | ३ | ओखर,स्याउ,सिमी, भेडा/बाखा, आलु, मौरी | |
| | | | ४ | ओखर,स्याउ,सिमी, भेडा/बाखा, आलु, मौरी | |
| | | | ५ | ओखर,स्याउ,सिमी, भेडा/बाखा, आलु, मौरी | |
| | | | ६ | ओखर,स्याउ,सिमी, भेडा/बाखा, आलु, मौरी | |
| | ५ | सिन्जा गाँउपालिका | १ | स्याउ,ओखर, भेडाबाखा, आलु, र मौरी | |
| | | | २ | स्याउ,ओखर, भेडाबाखा, आलु, र मौरी | |
| | | | ३ | स्याउ,ओखर, भेडाबाखा, आलु, र मौरी | |
| | ६ | कनकासुन्दरी गाँउपालिका | १,२,३, र ४ को माथिल्लो भूभागमा | भेडा बाखा , ओखर , सिमि , आलु | |
| | | | ३,५ र ६ मा | स्याउ, ओखर, मौरी, सिमि | |
| | | | ७,८ र ४ को तल्लो भूभाग | स्याउ, ओखर, मौरी , सिमि | |
| कालिकोट | ७ | तीलागुफा नगरपालिका | १ | ओखर, भेडा, बोधिचित्त | |
| | | | ३ | सिमि, बाखा, बोधिचित्त | |
| | | | ६ | स्याउ, बाखा, बोधिचित्त | |
| | ८ | रास्कोट नगरपालिका | २ | भेडाबाखा , सिमि | |
| | | | ४ | सिमि, ओखर | |
| | | | ९ | ओखर, सिमी | |

सन्तोष भारती
कार्यालय प्रमुख

| | | | | | |
|---|---|---|---|---|---|
| कालिकोट | ९ | सान्नीत्रिवेणी गाउँपालिका | २ | तरकारी खेती | कैफियत |
| | | | ६ | बाखापालन | |
| | | | ९ | ओखर खेती | |
| मुगु | १० | खत्याड गाँउपालिका | ३,५,११ | स्याउ खेती | |
| | | | ३,६,७ | ओखर खेती | |
| | | | १,४,५ | आलु खेती | |
| | | | २,९,११ | सिमी खेती | |
| | | | १,२,५ | मौरी पालन | |
| | | | ८,९,१० | भेडाबाख्रा | |

नोटः पर्यावरणीय कृषिको लागि आवश्यक रैथाने बाली, मिश्रित बाली, अन्तरबाली, माटोको उर्वराशक्ति बढाउने बालीहरु, फलफूलको हकमा फिलर बिरुवा र कभर बिरुवा, मौरी लगायत परागसेचकहरु, वानस्पतिक विषादीजन्य बिरुवा, औषधीजन्य तथा सुगन्धित वनस्पती (टिमुर, रिठ्ठा, दालचिनि र बोधिचित्त पर्यावरण मैत्री नवीनतम फलफूल र बायोफेन्सिंग सम्बन्धी क्रियाकलाप संचालनको लागि पनि प्रस्ताव गर्न सकिनेछ। थप जानकारीको लागि यस कार्यालयको सम्पर्क नम्बर ०८७-५९००५७ वा सूचना अधिकारीको नम्बर ९८५८३२२७७८ मा सम्पर्क गर्न सक्नुहुनेछ।

## निवेदन साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु

१) समूह/ सहकारी /समिति दर्ता प्रमाणपत्रको प्रतिलिपि।

२) प्रस्तावित कार्यक्रम/ क्रियाकलापहरु संचालन गर्न इच्छुक भएको र वित्तीय तथा व्यवसायिक साक्षरता (FEBL) कक्षा संचालन आवश्यक भएको समूह/सहकारी/ समितिको निर्णय प्रतिलिपि ।

## निवेदन पेश गर्दा समूह/सहकारीले ध्यान दिनुपर्ने कुराहरु

१) सम्भव भएसम्म सम्पूर्ण निवेदनहरु अनुदान व्यवस्थापन सफ्टवेयर (SMS) अनलाइन प्रणालीबाट संकलन गरिनेछ, सहजीकरणको लागि यस कार्यालयबाट सम्बन्धित पालिकामा खटिएका कृषि प्राविधिक र सामाजिक परिचालकसंग समन्वय गर्न सक्नुहुनेछ।

२) निवेदन पेश गर्न कुनै राजश्व तिर्नु पर्ने छैन।

३) चालु आर्थिक वर्ष २०८३/०८४ को अवधिभर निवेदन पेश गरिनेछ ।

४) एउटा समुदाय/टोल/कलष्टर/गाँउ (Cluster/Village Based Approach) बाट कम्तिमा १०० घरधुरी (प्रति घरधुरी कम्तिमा औसत १.५ रोपनी तथा चारवटा कृषक समूह) ले एकै प्रकारको कृषिजन्य वस्तु उत्पादन गर्ने पकेट क्षेत्र वा सो भन्दा कम समूह/कृषक भएको हकमा एकमुष्ट रुपमा कम्तिमा १०० घरधुरी बराबर तोकिएको क्षेत्रफल हुनुपर्नेछ । सहकारीको हकमा कम्तिमा ५ ओटा कृषक समूहहरु (१२५ घर धुरी र प्रति घरधुरी कम्तिमा औसत १.५ रोपनी) को व्यवसायिक योजना सहित हुनुपर्नेछ ।

सन्तोष भारती
कार्यालय प्रमुख

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
**उच्च मूल्य कृषिवस्तु उत्थानशील कार्यक्रम (R-HVAP)**
**करिडोर कार्यालय, जुम्ला, नेपाल**

IFAD Investing in rural people

फोन नं.-०८७-५९००५७
ईमेल: rhvapcojumla@gmail.com

५) **HVAP, ASDP तथा ASHA आयोजनाबाट** लाभान्वित कृषि समूहले पनि निवेदन पेश गर्न सक्नेछन र उक्त समूहको विगत तथा हालको कार्यसम्पादन अवस्थाको प्राविधिक मुल्यांकन गरि छनौट गर्न सकिनेछ ।

६) एकीकृत कृषि खेति (कृषि, पशुपन्छी  तथा बाली विविधता) भएको, बिषादी न्यून प्रयोग हुने गाउँ/क्षेत्रलाई प्राथमिकता दिइनेछ।

७) तरकारी खेतीको हकमा उत्पादन हुने सिजनमा सडक पहुँच भएको र बजारीकरण गर्न सकिने हुनुपर्नेछ ।

८) सम्बन्धित वडास्तर कृषक समुदाय केन्द्रित छलफल (FGD) र अगुवा कृषक/मुख्य सरोकारवाला सर्वेक्षणबाट पहिचान भएका प्राथमिकता प्राप्त बालीवस्तु सहित कार्यपालिका स्तरीय निर्णय वा स्थानीय तहको ५ वर्षे पर्यावरणीय कृषि योजना (Palika-Agroecological Plan/PAP) स्वीकृत पश्चात निवेदनहरुको प्राविधिक मूल्याङ्कन गरि छनौट गरिनेछ। हावापानी, भौगोलिक तथा व्यावसायिक रुपमा उपयुक्त निवेदकहरुलाई छनौट प्रक्रियामा लगिनेछ ।अत्याधिक रासायनिक विषादी प्रयोग हुने गाउँ/टोलमा कार्यक्रम संचालन गरिने छैन ।

९) निवेदन फर्मेटको ढाँचा अनुसूची-१.१ कार्यालयको वेबसाइट https://rhvapjumla.karnali.gov.np/ मा राखिएको छ।

## सह-लगानी सिमा

१) बजारमुखी पर्यावरणीय कृषि उत्पादन कार्यक्रम सह-लगानी कुल लागतको बढीमा ५०% (पचास प्रतिशत) हुनेछ।

२) कृषि सिंचाई पूर्वाधार सह-लगानी कार्यालयको तर्फबाट अधिकतम ८५% (पचासी प्रतिशत) हुनेछ र सूचनामा उल्लेखित कृषिजन्य वस्तु उत्पादन नहुने क्षेत्रमा सिंचाई पूर्वाधार निर्माण गरिने छैन।

सन्तोष भारती
सन्तोष भारती
कार्यालय प्रमुख